| | |
|---|---|
| बैठक संख्या | : ४४औं (१०औं आ.व. ०७४/७५) |
| बैठक मिति | : २०७४ साल पौष १५ गते |
| बैठकको अध्यक्षता | : श्री मन्जु कुमारी खड्का (अध्यक्ष) |
| संस्था | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय |
| बैठक/समिति | : केन्द्रीय कार्य समिति |

**उपस्थिति,**

| | |
|---|---|
| श्री मन्जु कुमारी खड्का | अध्यक्ष |
| श्री हीरासिंह थापा | निवर्तमान अध्यक्ष (संस्थापक अध्यक्ष) |
| श्री विरबहादुर नेपाली | उपाध्यक्ष |
| श्री नैनबहादुर शाही | महासचिव |
| श्री दुर्गा श्रेष्ठ | कोषाध्यक्ष |
| श्री झलकबहादुर भण्डारी | सदस्य |
| श्री सूर्यबहादुर शाही | सदस्य |
| श्री सुमिक्षा चन्द | सदस्य |
| श्री कल्पना थापा | सदस्य |
| श्री धनलक्ष्मी वादी | सदस्य |
| श्री बसन्त श्रेष्ठ | निर्देशक |

**निर्णय नं. १,**

यस संस्थाको केन्द्रीय कार्य समितिको आ.व. ०७४/७५ को ४३औं बैठक अवधि देखि यस वैठक अवधि विच भए गरेका निर्णयहरुको समिक्षा गर्दै संस्था, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गर्ने क्रममा जिसस/ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना अन्तर्गत आवश्यक विभिन्न पदका लागि गरिएको विज्ञापनमा धेरैको चासो देखिएको, सेभ द चिल्ड्रेन र यस संस्थाको साझेदारीमा संचालित सहयात्रा परियोजना अन्तर्गत नेपालगंजमा भएको बार्षिक प्रगति समिक्षा गोष्ठीमा संस्थाको तर्फबाट परियोजना कर्मचारी लगायत संस्थाका अध्यक्ष, संस्थापक अध्यक्ष तथा महासचिव ज्यूहरु विभिन्न चरणको प्रगति समिक्षा गोष्ठीमा सहभागि भएको जानकारी गराउँदै सुर्खेतमा यही पौष १२ गते सिमान्तकृत महिलाहरुको लागि महिला संस्था (WAM) को समन्वय तथा शिक्षा नीति तथा अभ्यास केन्द्रको सहयोगमा भएको शिक्षा, स्थानीय

सरकार र गैसस अभिमुखिकरण कार्यशालामा यस संस्थाबाट महासचिव नैनवहादुर शाही सहभागि हुनुभएको जानकारी गराइयो ।

**निर्णय नं. २**

सेभ द चिल्ड्रेन र यस संस्थाको साझेदारीमा संचालन भएको सहयात्रा परियोजना अन्तर्गत नेपालगंजमा आयोजना भएको सन् २०१७ को बार्षिक साझेदारी समिक्षा बैठकमा सन् २०१७ को लेखा व्यवस्थापन पद्धतिमा विभिन्न जिल्लाका साझेदारी संस्थाहरुमध्ये यस संस्था दोस्रो स्थान हासिल गर्न सफल भएको जानकारी गराउँदै र यस संस्थालाई दोस्रो स्थान दिइ सम्मान गर्ने सेभ द चिल्ड्रेनलाई हार्दिक धन्यवाद दिने र संस्थामा सो परियोजनासंग सम्बन्धित कर्मचारीहरु र सो कार्यमा संलग्न सम्पूण टिमलाई हार्दिक बधाई दिँदै आगामी दिनमा निरन्तरताका साथै अझ प्रभाबकारी कार्यान्वयनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सेभ द चिल्ड्रेन र यस संस्थाको साझेदारीमा संचालित सहयात्रा परियोजनामा सामाजिक परिचालक पदमा कार्यरत कमला ज्ञवालीले मिति २०७४ पौष ६ गते देखि लागु हुनेगरी २ महिनाको लागि दिएको सुत्केरी विदाको सम्बन्धमा संस्थाको नीति, नियमावली तथा पेश गरिएको निवेदन अनुसार पौष ६ गते देखि लागु हुने गरी ६० दिनको तलवी सुत्केरी विदा स्वीकृत गर्ने र संस्थाले बच्चा हेरचाहको लागि थप ३ महिनाको बेतलवी विदा दिने व्यवस्था भएअनुसार थप ३ महिना वच्चा हेरचाहका लागि बेतलवी विदाको लागि निवेदन माग गर्न परियोजना संयोजकलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस संस्थाद्धारा संचालित महिला तथा बालबालिका केन्द्र अन्तर्गत संचालित एम्बुलेन्स सेवा सञ्चालनको लागि एम्बुलेन्स चालकमा तपसिल बमोजिमको सेवा सुविधा तथा एम्बुलेन्स सेवा संचालन बापत आम्दानी भएको रकम अन्तर्गत मासिक कूल आम्दानीको तेल खर्च कटाई बांकी रहेको रकमको १५ प्रतिशत प्रोत्साहन भत्ता दिने गरी १६ पौष, २०७४ देखि लागु हुने गरी नारायण नगरपालिका २, जार्कोट निवासी गोविन्द थापालाई एम्बुलेन्स चालक पदमा नियुक्ति दिने निर्णय गरियो ।

तपसिल,

| सि.नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | हार्डसीप, कोठा भाडा र संचार | जम्मा | नियुक्ती लागुहुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | गोविन्द थापा | एम्बुलेन्स चालक | १२०००।- | १२००।- | २०००।- | १५२००।- | १६ पौष, २०७४ देखि असार मसान्त, २०७५ | |

**निर्णय नं. ५**

गुरांस गाउंपालिका अन्तर्गत सेभ द चिल्ड्रेन र यस संस्थाको साझेदारीमा संचालित सहयात्रा परियोजना लागु नभएका वडाहरुमा र लागुभएका वडाहरुमा समेत समेट्ने गरी बाल विबाह, छाउपडी, महिला हिंसा, बहुविवाह लगाएतका सामाजिक कु प्रथाहरुको न्यूनिकरण सहित बाल संरक्षण र बाल अधिकार शासनका कार्यक्रम सञ्चालनका लागि यस संस्था, गुरांस गाउंपालिका र सेभ द चिल्ड्रेन विच मिति २०७४ साल पौष १४ गते गुरांस गाउंपालिकासंग परियोजनाका क्रियाकलाप तथा प्रशासनिक खर्च सहित गरी रु. १००००००।०० (दश लाख) बराबरको कार्यक्रम सहितको सम्झौता गरिएको जानकारी गराईयो ।

**निर्णय नं. ६**

यस संस्था अन्तर्गत गठन गरिएको सचिवालय समितिको यस अवधिसम्म भएको गरेको बैठकका निर्णयहरु समिक्षा सहित यस समितिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

संस्थाद्धारा संचालित डिसेम्बर महिनामा सम्पन्न हुने परियोजना तथा कार्यक्रमहरुको आय व्यय विवरण अनुमोदनका लागि यस समितिको बैठक पुन बस्ने निर्णय गरियो ।